(नेपाल धितोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त)

# क्रिष्टल कञ्चनजंघा सेक्यूरिटिज् प्रा.लि.

# Crystal Kanchanjungha Securities Pvt. Ltd.

धितोपत्र दलाल नं. ५०

न्यूप्लाजा, का.म.न.पा.-२९, काठमाडौं

*Ref. No.*

## मार्जिन ट्रेडिङ्ग कारोबार सुविधा प्रारम्भ गरेको सम्बन्धमा

## <u>प्रेस विज्ञप्ति</u>

क्रिस्टल कञ्चनजंघा सेक्युरिटिज प्रा. लि. (स्टक ब्रोकर नम्बर ५०) ले आफ्ना ग्राहक तथा लगानीकर्ताहरूका लागि आजबाट मार्जिन ट्रेडिङ्ग सुविधा शुभारम्भ गरेको छ। नेपाल धितोपत्र बोर्ड (SEBON) को नियामकीय व्यवस्था तथा नेपाल स्टक एक्सचेन्ज लि. (NEPSE) ले तोकेको कार्यप्रक्रिया बमोजिम कम्पनीले मार्जिन ट्रेडिङ्ग सेवा प्रारम्भ गरेको हो।

यो सेवा मार्फत योग्य लगानीकर्ताहरूले तोकिएको प्रारम्भिक मार्जिन जम्मा गरी कम्पनीमार्फत सुविधा उपभोग गरी योग्य सूचीकृत कम्पनीका शेयरहरू खरिद गर्न सक्नेछन्। यो सेवाको सञ्चालन पूर्णरूपमा प्रचलित कानुन, नियामकीय व्यवस्था तथा कम्पनीको आन्तरिक जोखिम व्यवस्थापन नीति अनुसार हुनेछ।

यो सुविधा लिन इच्छुक लगानीकर्ताहरूलाई आवश्यक कागजातसहित कम्पनीको कार्यालयमा उपस्थित भई आवेदन दिन र सम्झौता गर्न अनुरोध गर्दछौं।

यसका लागि क्रिस्टल कञ्चनजंघा सेक्युरिटिज प्रा. लि.ले ३०% प्रारम्भिक मार्जिन र ७०% मार्जिन ऋणमा आधारीत निम्नाअनुसारको मार्जिन ऋण सुबिधा योजना प्रस्तुत गरेको छ।

| *कारोबार सिमा* | *रु. १०,००,०००* | *रु. २०,००,०००* | *रु. ३०,००,०००* | *रु.४०,००,०००* | *रु. ५०,००,०००* | *रु. १,००,००,०००* | *रु. २,००,००,०००* |
|---|---|---|---|---|---|---|---|
| *मार्जिन ऋण (७०%)* | रु.७,००,००० | रु.१४,००,००० | रु.२१,००,००० | रु.२८,००,००० | रु.३५,००,००० | रु.७०,००,००० | रु.१,४०,००,००० |
| *अवधि* | **ब्याज तथा प्रशासनीक शुल्क (एक मुष्ठ) - पहिलो ३० दिन पछाडीका प्रत्येक ३० दिनका लागी थप १% छुट** | | | | | | |
| *३० दिन* | रु. ५,६०० | रु. ११,२०० | रु. १६,८०० | रु. २२,४०० | रु. २८,००० | रु. ५६,००० | रु. १,१२,००० |
| *६० दिन* | रु. ११,०८८ | रु. २२,१७६ | रु. ३३,२६४ | रु. ४४,३५२ | रु. ५५,४४० | रु. १,१०,८८० | रु. २,२१,७६० |
| *९० दिन* | रु. १६,४६४ | रु. ३२,९२८ | रु. ४९,३९२ | रु. ६५,८५६ | रु. ८२,३२० | रु. १,६४,६४० | रु. ३,२९,२८० |
| *१२० दिन* | रु. २१,७२८ | रु. ४३,४५६ | रु. ६५,१८४ | रु. ८६,९१२ | रु. १,०८,६४० | रु. २,१७,२८० | रु. ४,३४,५६० |
| *१५० दिन* | रु. २६,८८० | रु. ५३,७६० | रु. ८०,६४० | रु. १,०७,५२० | रु. १,३४,४०० | रु. २,६८,८०० | रु. ५,३७,६०० |
| *१८० दिन* | रु. ३१,९२० | रु. ६३,८४० | रु. ९५,७६० | रु. १,२७,६८० | रु. १,५९,६०० | रु. ३,१९,२०० | रु. ६,३८,४०० |

हामी हाम्रा ग्राहक तथा लगानीकर्तालाई यो सुबिधाको उपयोग गरी लाभ लिनुहुन अनुरोध गर्दछौ ।

हाम्रो कम्पनी ग्राहक तथा लगानीकर्तालाई पारदर्शी, भरपर्दो, प्रविधिमैत्री तथा गुणस्तरीय पूँजीबजारका सेवाहरू प्रदान गर्न निरन्तर प्रतिबद्ध छ ।

हरि बहादुर खड्का
प्रबन्ध सचालक
मिति २०८३।०४।२५, सोमबार ।

Crystal Kanchanjungha
Securities Pvt. Ltd.
Stock Broker No.: 50

New Plaza, Kathmandu, Nepal | Tel: +977-1-4011176, 4521607, 5909198, 5909199 | Fax: +977-1-4011072
Email: info@crystalsecurities.com, crystalkanchanjungha@gmail.com | Web: www.crystalsecurities.com